नेपाल सरकार

# जिल्ला समन्वय समितिको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

प.सं. ०७९/८०

च.नं.

मितिः२०७९/०५/०३

विषयः करार सेवा लिने सम्वन्धी सूचना ।

वागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, हेटौडाको मिति २०७९/०५/०३ को करार सेवा लिने सम्वन्धी सूचना बमोजिम स्थानीय न्यायिक सहजकर्ता नियुक्ति तथा परिचालन) कार्यविधि, २०७९ बमोजिम देहायका स्थानीय तहहरुमा न्यायिक सहजकर्ताको पद रिक्त रही वि.सं. २०८० असार मसान्तसम्मका लागि करार गरी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आन्तरिक मामिला तथा कानून मन्त्रालय, हेटौडा बाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (२०७९/०५/१७) भित्र तोकिएको दस्तुर तिरेको भौचर संलग्न गरी) यस जिल्ला समन्वय समितिको कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ । यसको फारम, कार्य-विववरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण वागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको वेवसाइट **www.moial.bagamati.gov.np** मा हेर्न सकिनेछ ।

१. सूचना नं. ०१/२०७९/०८०

| स्थानिय तह | संख्या |
|---|---|
| इन्द्रावती गाउँपालिका | १ |
| जुगल गाउँपालिका | १ |
| बलेफी गाउँपालिका | १ |
| हेलम्बु गाउँपालिका | १ |

२. पद/तहः स्थानीय न्यायिक सहजकर्ता (सहायक पाचौं)

३. सेवा सुविधाः प्रचलित नियमानुसार

४. उम्मेद्वारले काम गर्नु पर्ने कार्यालयः छनौट एवं सिफारिस भएको सम्वन्धित स्थानीय तह

५. आवेदन दस्तुरः रु दुई सय ।(राष्ट्रय बाणिज्य बैंकमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयको खाता नं.१००१००२०००१००००, कार्यालय कोड ३१४००३२०१३, राजश्व खाता शिर्षक नं. १४२२९ परीक्षा शुल्क शिर्षकमा बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

६. न्युनतम योग्यताः

(क) नेपाली नागरिकता,

(ख) माध्यामिक शिक्षा वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्तिण गरेको,

(ग) अठार वर्ष उमेर पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(घ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

७. छनौटका आधारहरुः

(क) न्यूनतम शैक्षिक योग्यता

(ख) माथिल्लो शैक्षिक योग्यता

(ग) ब्यावसायीक प्रमाणपत्र

(घ) बासिन्दाको आधार
(ङ) महिला उम्मेद्वार
(च) न्यायिक/कानुनी सहजकर्ताको अनुभव
(छ) अन्तरवार्ता ।

८. **आवेदनसाथ संलग्न गर्नु पर्ने:**
उम्मेद्वारले व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानुन बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेद्वार स्वयंले प्रमाणित गर्नु पर्नेछ ।

९. **आवेदन बुझाउने स्थान/कार्यालय:** जिल्ला समन्वय समितिको कार्यालय, चौतारा, सिन्धुपाल्चोक

**बोधार्थ:**
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, वागमती प्रदेश सरकार, हेटौडा, नेपाल ।

नोट: आवेदकले उल्लेखित कुनै एक स्थानीय तह मात्र उल्लेख गरी दरखास्त दिनु पर्नेछ ।